FEED THE FUTURE
The U.S. Government's Global Hunger & Food Security Initiative

## कृषि प्रसार सेवाभित्र लैंगिक र पोषण पक्षको एकिकरण

कृयाकलाप पाना
मार्च २०१६

# लैंगिक श्रम पहिचान

**अवधि: २ घण्टा**

आवश्यक सामाग्री**:**

- उद्देश्य र कृयाकलाप विषय लेखिएको फ्लिप चार्ट
- दुई महलमा लेखिएको फ्लिप चार्ट: सकारात्मक व्यवहार/नकारात्मक व्यवहार



## परिचय:

लिंग भनेको पुरुष र महिलामा हुने जैविक भिन्नता हो र यो जन्मदै निर्धारित हुन्छ । लैंगिक भनेको महिला र पुरुषमा बाँडिदिएको सामाजिक सांस्कृतिक भूमिका हो र यो विभिन्न सामाजिकरण संस्थाहरु जस्तै परिवार, दौंतरी, विद्यालय, र धार्मिक संस्थाहरु मार्फत समाजले निर्धारण गर्दछ । हामी महिला वा पुरुष भै जन्मेको तथ्य अपरिवर्तनीय छ तर लैंगिक भूमिका परिवर्तन हुन सक्छ र समय अन्तराल र विभिन्न संस्कृतिमा परिवर्तन हुन्छ नै । महिला र पुरुष कुनै समाजले तोकिदिएको तरिका अनुसार व्यवहार गर्न र काम गर्न सिक्छन् जसमा सांस्कृतिक मान्यता र चलन झल्किन्छ । लैंगिक श्रम  र महिला र पुरुषमा त्यसको प्रभाव वारे चेतना जगाउने गर्नाले प्रसार कार्यकर्ताहरुलाई यस्ता भ्रामक कुराहरुको चुनौती झेल्न र  साधन तथा सूचनाको पहुँचमा बढि समानता ल्याउन सहयोग गर्नेछ ।

## उद्देश्य:

- ✓ महिला तथा पुरुषको लागि के सही र के गलत व्यवहार हो भन्ने कुरामा महिला तथा पुरुषको धारणा र व्यवहार पत्ता लगाउने
- ✓ समाज भित्र कहाँ र कसरी लैंगिक श्रम विकास हुन्छ भनी पहिचान गर्ने
- ✓ व्यक्तिगत घरपरिवार र समुदायमा नकारात्मक तथा सकारात्मक व्यवहारको प्रभाव जाँच गर्ने

## पाठ योजना

१) कृयाकलापहरुको विषयको पुनरावलोकन, उद्देश्य र छोटो परिचय ( **५ मिनेट**)

USAID FROM THE AMERICAN PEOPLE

This publication is made possible by the support of the American people through the United States Agency for International Development (USAID). The views expressed in this publication do not necessarily reflect the views of USAID or the United States Government.

INGENAES
Integrating Gender and Nutrition within Agricultural Extension Services





२) सहभागीहरुलाई दुई लाइनमा वस्न लगाउने । पुरुष एक लाइनमा र महिला अर्को लाइनमा (उमेर अनुसार सवभन्दा कान्छो देखि सवभन्दा जेठो) । सवभन्दा जेठो पुरुष संग सवभन्दा कान्छी महिला, सवभन्दा जेठी महिला संग सवभन्दा कान्छो पुरुष गरी चार जनाको समूह वनाउने । सवै सहभागी समूहमा आवद्ध भैनसके सम्म यही प्रकृयालाई निरन्तरता दिने जसवाट सवै समूह महिला र पुरुष मिश्रित होस् । आवश्यकता अनुसार साना समूहमा सहभागी थप गर्ने । (**१० मिनेट**)

**३)** भूमिका अभिनयको लागि देहाय अनुसारको निर्देशन दिने ।

- *तपाईको समूहका पुरुष सहभागीहरुले एक विशिष्ट ग्रामीण घरपरिवारमा महिलाले कस्तो व्यवहार गर्छन भन्ने अभिनय र महिला सहभागीहरुले पुरुषले कस्तो व्यवहार गर्छन भन्ने अभिनय गर्नु हुनेछ । यो अभिनय मौन हुनेछ अर्थात वोल्न पाइनेछैन केवल हाउभाउ मात्र देखाउनु पर्नेछ । सवै समूह सदस्यले भूमिका अभिनय गर्नु पर्नेछ । तपाईको भूमिका अभिनय ५ देखि ६ मिनेटको हुनेछ ।*

४) प्रत्येक समूहलाई आफुले देखाउन चाहेको व्यवहार पहिचान गर्ने अवसर दिने । तालीम कोठा भित्र वा वरपर साजसज्जा खोज्न सहभागीहरुलाई प्रोत्साहित गर्ने ।

५) प्रत्येक समूहलाई आफ्नो भूमिका अभिनय गर्न आमन्त्रण गर्ने । प्रत्येक भूमिका अभिनय पछि अभिनयकर्तालाई आफुले दिन प्रयास गरेको सन्देशको वारेमा, प्रत्येक सदस्यले खेलेको भूमिकाको वारेमा र विपरित लिंगको भूमिका खेल्दा लागेको अनुभवको वारेमा वर्णन गर्न लगाउने । (**४५ मिनेट**)

६) सम्पूर्ण भूमिका अभिनय समाप्त भएपछि सहभागीहरुलाई वृत्तमा जम्मा गर्ने र तलका प्रश्नहरु सोध्ने । उत्तरलाई फ्लिप चार्टमा उतार्ने । (**३० मिनेट**)

- भूमिका अभिनयमा के नकारात्मक व्यवहार देख्नुभयो ?
- भूमिका अभिनयमा के सकारात्मक व्यवहार देख्नुभयो ?

Designed to be shared.

© INGENAES - Integrating Gender and Nutrition within Agricultural Extension Services)

This work is licensed under aCreative Commons At tribution 3.0 Unported License.
creativecommons.org/licenses/by/3.0/

www.ingenaes.illinois.edu/library

Prepared by Jan Henderson
University of Illinois

Photo Credits: Jan Henderson

- महिला तथा पुरुषले कस्तो व्यवहार गर्नु पर्छ भन्ने सोचाई कहाँवाट आयो ?
- तपाईले भूमिका अभिनयमा देख्नु भएको नकारात्मक व्यहारलाई व्यक्तिगत घरपरिवार र समुदायले कुन तरिकाले सम्वोधन गर्न सक्लान् ?
- तपाईले भूमिका अभिनयमा देख्नु भएको सकारात्मक व्यहारलाई कसरी प्रोत्साहन र पालन गर्न सकिएला ?

**अव के ?**

कामलाई व्यवहारमा उतार्ने । सहभागीहरुलाई आफ्नो सानो समूहमा फर्कन भन्ने र हरेक सदस्यले आफ्नो प्रतिकृया दिने अवसर सुनिश्चित गरी तलका प्रश्नहरु सम्वोधन गर्दै यी कामहरुलाई आफनो कार्यस्थलमा कसरी प्रयोग भैराखेको ठान्दछन् भन्ने सम्वन्धमा छलफल गर्न लगाउने ।

- *प्रशिक्षकको हैशियतले यी कृयाकलापहरुको कार्यान्वयन कसरी र कस्ता सहभागीसंग गर्न सकिएला ?*
- *यी कृयाकलाप कार्यान्वयन गर्न के परिवर्तन गर्न पर्छ होला ?*

प्रत्येक साना समूहलाई सम्पूर्ण समूहसंगको छलफलवाट प्राप्त एक विचार भन्न लगाउने । (२० **मिनेट**)

सन्दर्भ:

"Integrating Gender and Nutrition with Agricultural Extension Services" Facilitator's Guide. USAID Integrating Gender and Nutrition into Agricultural Extension Systems (INGENAES), 2015. http://dev.ingenaes.illinois.edu/wp-content/uploads/Gender-and-Nutrition-Facilitators-Guide.pdf

"Dispelling the Misconceptions and Myths about Gender by DumisaniNyalung International NGO Journal Vol. 2 (1), pp. 001-005, January 2007.http://ddp.org.za/information-material/articles/Dispelling%20the%20Misconceptions%20and%20Myths%20aut%20Gender.pdf/view

Designed to be shared.

© INGENAES - Integrating Gender and Nutrition within Agricultural Extension Services)

This work is licensed under aCreative Commons At tribution 3.0 Unported License.
creativecommons.org/licenses/by/3.0/

www.ingenaes.illinois.edu/library

Prepared by Jan Henderson
University of Illinois

Photo Credits: Jan Henderson